# विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र


खण्डः८ संख्याः१ मितिः २०८२ साल वैशाख ०८ गते


## भाग ३

## विराटनगर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालयको

### सूचना -१

विराटनगर महानगरपालिका, नगर सभाको पन्ध्रौं अधिवेशनको मिति २०८१/०९/२१ मा बसेको बैठकबाट साविक स्थानीय निकाय हुँदाको बखतदेखि विराटनगर महानगरपालिकामा कार्यरत रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम


विराटनगर महानगरपालिका स्थानीय राजपत्र

महानगरपालिकामै स्वतः समायोजन भएका कर्मचारीको उपदान रकम निर्धारणको सम्बन्धमा समायोजन हुनुअघि र कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० जारी हुनुअघि समेत विराटनगर महानगरपालिकाको कर्मचारी व्यवस्थापन (सेवा शर्त सम्बन्धी) ऐन, २०७५ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ अनुसार बनाई लागु गरिएको स्थानीय स्वायत्त शासन विनियम-२०५७, विराटनगर उपमहानगरपालिका बमोजिम उपदान तथा अवकाश सेवासुविधा सम्बन्धी प्रयोजनका लागि अविच्छिन्न रुपले सेवा गरेको अस्थायी अवधिलाई समेत सेवा अवधि गणना गरी उपदान तथा अवकाश सेवासुविधा उपलब्ध गराइँदै आइएको र कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ५६(३) मा "सरकारी सेवा बाहेकको अन्य सेवाबाट स्थानीय तहमा समायोजन भएका कर्मचारीको उपदानको रकम निर्धारण गर्दा समायोजन हुनुभन्दा अघिको सेवा सम्बन्धी कानूनमा व्यवस्था भएभन्दा ऐनले तोके बमोजिमको उपदानको रकम कम हुने रहेछ भने उपदान रकम निर्धारण गर्दा त्यस्ता कर्मचारीको समायोजन हुनुअघिको सेवा सम्बन्धी कानून बमोजिम हुनेगरी निर्धारण गर्ने" व्यवस्था रहेको साथै दफा ९० मा "कुनै कर्मचारी

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन" भन्ने व्यवस्था रहेकोले साविक विराटनगर उपमहानगरपालिका/नगरपालिका/नगर पञ्चायतमा नियुक्ति पाई कार्यरत रहेर विराटनगर महानगरपालिकामा स्वतः समायोजन भई कार्यरत रही स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० जारी भएपश्चात अवकाश हुने स्थायी कर्मचारीहरूको उपदान तथा अवकाश सेवासुविधा प्रयोजनका लागि अविच्छिन्न रुपले सेवा गरेको शतप्रतिशत अस्थायी अवधिलाई समेत सेवा अवधि गणना गर्ने निर्णय भएको हुँदा सोको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना -२

विराटनगर महानगरपालिका, नगर सभाको पन्ध्रौं अधिवेशनको मिति २०८१/०९/२१ मा बसेको बैठकबाट कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ को उपदफा ग(३) मा भएको व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोगबाट विज्ञापन प्रकाशन तथा परीक्षा सञ्चालन हुनुअघि सम्बन्धित अस्थायी, करारका कर्मचारी कुनै

विराटनगर महानगरपालिका स्थानीय राजपत्र

किसिमले कार्यरत पद र तहको सेवाबाट अलग भएमा (सजायमार्फत वा सेवासुविधा नपाउने गरी सेवाबाट अलग गरिएको/भएको बाहेकको हकमा) उल्लिखित दफा/उपदफामा "त्यस्तो परीक्षामा सहभागी नभएमा त्यस्ता कर्मचारीहरूलाई स्थानीय सरकारले विशेष सुविधा दिई अवकाश दिने" भन्ने व्यवस्था एवम् सोही ऐनको दफा ९० मा भएको "कुनै कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्नेगरी परिवर्तन गरिने छैन" भन्ने समेतको व्यवस्थाका आधारमा निज कर्मचारीलाई आयोगबाट विज्ञापन प्रकाशन तथा परीक्षा सञ्चालन नभएसम्मका लागि विराटनगर महानगरपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७५ अनुसार साविकमा उपलब्ध गराइए बमोजिमको अवकाश सेवासुविधा उपलब्ध गराउने निर्णय भएको हुँदा सोको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना -३

विराटनगर महानगरपालिका, नगर सभाको पन्ध्रौं अधिवेशनको मिति २०८१/०९/२१ मा बसेको बैठकबाट विराटनगर महानगरपालिकामा गाभिएका साविकका गाउँ विकास समिति (बैजनाथपुर र बुधनगर)

मा नियुक्ति पाई कार्यरत रहेर उक्त गा.वि.स.हरू महानगरपालिकामा गाभिएसँगै महानगरपालिकामा स्वतः समायोजन भएका कर्मचारीहरूले नियमानुसार पाउने उपदान तथा अवकाश सेवासुविधा महानगरपालिकाको स्रोतबाट उपलब्ध गराउने निर्णय भएको हुँदा सोको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
राम प्रसाद ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत ।

विराटनगर महानगरपालिका स्थानीय राजपत्र